# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन २६ गते २०२० साल

श्री ५ को सरकार

अर्थ मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको विकास योजना (संशोधन) नियम २०२० सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो नियमहरूको नाम विकास योजना (संशोधन) नियम २०२० रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमको नियम ३ मा संशोधनः– मूल नियमको नियम ३ को उप–नियम (१) को खण्ड (घ) को सट्टा निम्नलिखित खण्ड (घ) राखिएको छः–

"(घ) योजनाको काममा खर्च भएको खाताको लेखापरीक्षण योजनास्थलमा नै गर्न गराउने ।



३९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल नियमको नियम ५ मा संशोधनः–** (१) मूल नियमको नियम ५ को उप–नियम (२) को खण्ड (ज) को अन्तिम वाक्य पछि निम्नलिखित कुरा थपिएको छः–

"लगत इष्टमेटसम्बन्धी विवरण त्यस्तो इष्टमेट गर्ने अफिसरभन्दा माथिल्लो तहका अफिसरद्वारा चेक गराउने,

तर बाहिरका प्राविधिज्ञबाट इष्टमेट गराइएको भए श्री ५ को सरकारको सम्बन्धित विभागबाट चेक गराउने ।

(२) मूल नियमको नियम ५ को उप–नियम (३) को खण्ड (घ) र (ङ) को सट्टा निम्नलिखित खण्ड (घ) र (ङ) राखिएको छः–

(घ) एक हजार रुपैयाँसम्म विना कोटेशन हुने पसलबाट माल सामान खरीद गर्ने र सोही रकमसम्मको विकास कार्य घटाघट नगराई कामको ठेक्का दिने,

(ङ) एक हजारदेखि पांच हजार रुपैयाँसम्मको माल सामान खरीद गर्नु-पर्दा तीन विभिन्न फर्म वा व्यक्तिहरूबाट कोटेशन प्राप्त गरी वा घटाघट गरी सो रकमको सामान खरीद गर्न वा कामको ठेक्का दिने,

तर सो माल तीन फर्म वा कम्पनीमा उपलब्ध नभएमा फर्म वा कम्पनी-मा जति माल उपलब्ध छ त्यति भएपनि फर्म वा कम्पनीबाट कोटेशन लिई माल सामान खरीद गर्न सक्ने ।

(३) मूल नियमको नियम ५ को उप-नियम (४) को खण्ड (ढ) पछि निम्न-लिखित खण्ड (ण) (त) र (थ) थपिएका छन्ः–

"(ण) टेण्डर बोलाइएकोमा टेण्डर नपरी अमानतबाट निर्माण कार्य गर्नु-परेमा उक्त कार्यको खण्ड खण्डको ठेकदार वन्दोवस्त गरी इष्टमेटको अंकमा नबढाई ठेक्कामा दिन सक्ने" त्यसमा ठेक्कामा औपचारिकता पुऱ्याउन नपर्ने र प्रत्येक ठेकदारलाई ठेक बमोजिम गएका हिसाबसम्म मात्र देखाई लेखा राख्न हुने,

(त) खण्ड (ण) बमोजिम गर्दा स्वीकृत इष्टमेटमा नबढाई नेगोसियशन गरी किन्न वा ठेक्का दिन सक्ने,

(थ) अमानतबाट भएको निर्माण कार्यमा ज्यालाका इष्टमेटको रकम न नाघ्ने गरी ज्यालादारको कार्यक्षमता हेरी योजना प्रमुखले ज्याला निर्धारण गरी सो ज्यालामा काम गराउन सक्ने ।

(४) मूल नियम ५ को उप–नियम (५) को सट्टा निम्नलिखित उप–नियम (५) राखिएको छ ।

(५) उप–नियम (३) को खण्ड (ङ) र उप–नियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागीय प्रमुखले कुनै माल सामान विदेशी सर-

८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार वा अन्तर्राष्ट्रिय एजेन्सीहरू वा श्री ५ को सरकारले अधिकांश पूंजी लगाइएको जुनसुकै फर्म एजेन्सीबाट खरीद गर्दा माल सामान खरीद सम्बन्धी उप–नियमहरू बमोजिम गर्न कर लाग्ने छैन।

(६) मूल नियमको नियम ५ को उप–नियम (६) पछि निम्नलिखित उप–नियम (७) र (८) थपिएको छः–

(७) खास किसिमको स्टाण्डर्ड क्वालिटीको माल सामान खरीद गर्नको लागि श्री ५ को सरकारको वाणिज्य विभागले लगत खडा गरे बमोजिमको स्टाण्डर्ड कम्पनीबाट विभागहरूले कोटेशन मगाई माल सामान खरीद गर्न सक्ने छ।

तर लगत खडा नभएसम्म वा लगतभित्रका स्टाण्डर्ड कम्पनीले बिक्री नगर्ने स्टाण्डर्ड क्वालिटीको सामान खरीद गर्दा विभागीय प्रमुखले प्रतिष्ठित ठहराएको तीन कम्पनीबाट कोटेशन लिई खरीद गर्न सक्ने छ।

(८) विदेशमा खरीद भएका माल सामान बाहिरबाट ढुवानी गरी ल्याउँदा परिवहन सम्बन्धी विश्वसनीय कम्पनीहरूबाट कोटेशन लिई ढुवानी गर्न चाहिनें व्यवस्था गर्न सकिने छ।

४. <u>मूल नियम (६) मा संशोधनः</u>– मूल नियमको नियम ६ को उप–नियम (२) पछि निम्नलिखित उप–नियम (३) थपिएको छः–

(३) उप–नियम (१) मा जुनसुकै लेखिएको भए तापनि एक लाख रुपैयाँ-भन्दा बढीको टेण्डर विदेशमा स्वीकृति गर्नुपर्दा विदेशमा रहेको श्री ५ को सरकारको अधिकारीले वा श्री ५ को सरकारबाट मनोनीत प्रतिनिधि-समेत भएको बोर्डले स्वीकृत गर्न सक्ने छ।

५. <u>मूल नियमको नियम १० मा संशोधनः</u>– मूल नियमको निमय १० को सट्टा निम्न-लिखित नियम १० राखिएको छः–

"(१०) <u>ज्यालाको दर रेटः</u>– (१) स्थान र समय अनुसार ज्यालाको दर रेट फरक भइरहने हुँदा सामान्य आधारको लागि अनुसूची २ बमोजिमको दर रेट कायम गरिएको छ। प्रत्येक आर्थिक वर्षको निमित्त ज्याला र माल सामानको दर रेट कायम गर्न सम्बन्धित योजना प्रमुख, जिल्ला पञ्चायत र जिल्ला गोस्वाराको राय लिई विभागले समय समयमा आदेश दिई सो अनुसूचीमा थप घट गर्न सक्ने छ।

(२) चाहिने कुशल ज्यालादार (स्किलड लेबोरर) स्थानीय क्षेत्रमा नपाइने भएमा विभागीय प्रमुखले सम्झौताको आधार (कण्ट्राक्ट बेसिस) मा उपलब्ध गर्न व्यवस्था गर्न सक्ने छ।

आज्ञाले–

हरिहरजङ्ग थापा

श्री ५ को सरकारको निमित्त सचिव।

15

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

### प्रचलित नियममा नपरेका सरकारी वा गैर सरकारी व्यक्ति वा सदस्यहरू-लाई विदेशमा पठाउंदा दिइने दैनिक भ्रमण भत्ताबारे श्री ५ को सरकारको निर्णय ।

श्री ५ को सरकारतर्फबाट विदेशमा भ्रमण वा अन्तर्राष्ट्रिय सम्मेलन सेमिनार आदिमा पठाइने प्रतिनिधिमण्डल, निरीक्षकमण्डल, शिष्टमण्डल आदिका सदस्यहरू मध्ये सरकारी नियमले दैनिक, भ्रमण तथा लुगा भत्ता पाउने हरूलाई सोही नियम बमोजिम र नियम नभै यति दिने भनी नकिटिएको सरकारी वा गैर सरकारी सदस्य वा व्यक्तिहरूका हक्मा श्री ५ को सरकारबाट पनि यति दिने भनी तोकिएर आएमा सोही बमोजिम र नतोकिएकोमा सरकारी ग्याजेटेड तृतीय श्रेणीका कर्मचारीले पाए सरह दैनिक तथा भ्रमण भत्ता यो सूचना गजेटमा प्रकाशित भएका मितिदेखि दिने गरी श्री ५ को सरकारबाट मिति २०२०।११।४।१ मा निर्णय भएकोले जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले-
हरिहरजंग थापा
श्री ५ को सरकारको निमित्त सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।